# प्रेस विज्ञप्ति

## नेपालमा अन्तरदेशीय धर्मपुत्र/पुत्री ग्रहणलाई रोक्न युनिसेफ पुनः आह्वान गर्दछ

काठमाडौं, २०६६ माघ २५ । नेपालमा अन्तरदेशीय धर्मपुत्र/पुत्री ग्रहणलाई निलम्बन गर्न नेपाल सरकारलाई हेग सम्मेलन स्थायी ब्युरोद्वारा दिइएको जानकारीलाई युनिसेफले अनुमोदन गरेको छ ।

नेपालले २०६६ वैशाखमा हेग धर्मपुत्र/पुत्री महासन्धिमा हस्ताक्षर गरेपछि नेपाल धर्मपुत्र/पुत्री ग्रहणसम्बन्धी प्रतिवेदनपश्चात् नेपाल सरकारले हेग सम्मेलनलाई आफ्नो मुलुकमा एक नियोग सञ्चालन गर्न २०६६ कार्तिकमा आमन्त्रित गर्‍यो ।

हेग धर्मपुत्र/पुत्री ग्रहण महासन्धिमा हस्ताक्षर गर्दा पछि अनुमोदन गर्ने आशयसहित आफ्ना धर्मपुत्र/पुत्री नीतिलाई महासन्धिमा ब्यबस्था गरिएको निर्देशिकाअनुरुप प्रतिज्ञा सरकारले गरेको थियो । निजी अर्न्तराष्ट्रिय कानुनसम्बन्धी हेग सम्मेलनद्वारा आज पेस गरिएको प्रतिवेदनले नेपालका लागि विभिन्न सिफारिस गरेको छ, जसमध्ये बढी उल्लेखनीय निम्न छन् :

- बालगृहहरूको अझै राम्ररी नियमन गर्ने,
- बालसंरक्षण प्रणालीको विकास गर्ने - आमाबाबुले गर्ने हेरचाहको विकल्पलगायत,
- बालबालिकाका आफ्ना परिवारलाई सहयोग र संरक्षण गर्दै बालबालिकालाई सहयोग गर्ने,
- अन्तरदेशीय धर्मपुत्र/पुत्री ग्रहणबाट हुने वित्तीय लाभलाई उन्मूलन गर्नका निम्ति अन्तरदेशीय धर्मपुत्र/पुत्री ग्रहणलाई नियमन गर्न बढी कडा कानुन लागू गर्ने,
- कर्मचारीस्रोत तथा प्रशिक्षण सुधार्ने,
- धर्मपुत्र/पुत्री ग्रहणका लागि एक प्रबल केन्द्रीय अख्तियार निकाय सिर्जना गर्ने,
- धर्मपुत्र/पुत्री ग्रहणलाई निलम्बन गर्न आह्वान गर्दै युनिसेफ र तेर दे जोम फाउन्डेसनले सन् २००८-मा गरेको अध्ययनले पेस गरेको सिफारिसलाई कार्यान्वयन गर्ने ।

सन् २००८-मा युनिसेफ र तेर दे जोम फाउन्डेसनद्वारा गरिएको ‘Adopting the Rights of the child' विषयक अध्ययनले धर्मपुत्र/पुत्री रूपमा ग्रहण गरिनेमध्ये ६० प्रतिशत बालबालिका टुहुरा नभएका तर परिवारबाट अलग गरिएका र कमजोर नियन्त्रणका कारण अपहरण, ओसारपसार तथा बेचबिखनलगायतका बालदुरुपयोग फस्टाएको पायो । सरोकारका विभिन्न विषयका कारण सरकारले सन् २००७ र २००८-मा अन्तरदेशीय धर्मपुत्र/पुत्री ग्रहणलाई निलम्बन गरे पनि २००८-को उत्तरार्द्धमा सो फुकुवा गरियो । परिणामस्वरूप २००९-मा धर्मपुत्र/पुत्री ग्रहण पुनः सुरु भयो ।

“दुःखलाग्दो कुरा त के हो भने प्रारम्भिक प्रतिवेदन आएपछि नगण्य परिवर्तन मात्र भएको छ । बालबालिकाको सर्वोत्तम हितलाई अझै पनि धर्मपुत्र/पुत्री ग्रहणको केन्द्रमा राखिएको छैन र मुद्दा जतिसुकै जटिल भए पनि बालबालिकासँग काम गर्नेहरूका लागि बालबालिकाको सर्वोत्तम हित नै निर्देशक सिद्धान्त हुनुपर्छ,” युनिसेफ नेपाल प्रतिनिधि जिलएन मेलसोपले भन्नुभयो । “जब आभारभूत सुरक्षा प्रणाली कार्यान्वयन भई बालदुरुपयोग हुन्न तब आवश्यकता भएका बालबालिकालाई धर्मपुत्र/पुत्री बन्ने अवसर उपलब्ध हुन्छ । बालदुरुपयोग रोक्न र सुरक्षा अन्तरदेशीय धर्मपुत्र/पुत्री ग्रहणलाई निरन्तरा दिनका निम्ति सजिलो तुल्याउन हेग धर्मपुत्र/पुत्री ग्रहण महासन्धि उत्कृष्ट उपाय हो,” मेलसोपले थप्नुभयो ।

युनिसेफ नेपालले बालसंरसम्बन्धि कानुन सुधार्ने सरकारको प्रतिबद्धतालाई सहयोग गर्दैआएको छ र हेग सम्मेलन प्रतिवेदनले पेस गरेको सिफारिसलाई कार्यान्वयन गर्नका निम्ति सरकारलाई निरन्तर सहयोग गर्नेछ । यसरी नै सुधार गर्नका लागि नेपाललाई सहयोग गर्न स्थायी ब्युरोको प्राविधिक सहायता कार्यक्रमसगँको सहकार्यमा धर्मपुत्र/पुत्री ग्रहण गर्ने राष्ट्ररुले पनि व्यावहारिक सहायता प्रदान गर्ने इच्छा व्यक्त गरेका छन् । नेपालमा अधिकाशं धर्मपुत्र/पुत्री ग्रहण स्पेन, इटाली, फ्रान्स र संयुक्त राज्य अमेरिकाका परिवारले गर्छन् ।

## महासन्धिबारे

मे १९९३- को अन्तरदेशीय धर्मपुत्र/पुत्री ग्रहणको सर्न्दभमा बालसंरण तथा सहयोगसम्बन्धी हेग धर्मपुत्र/पुत्री ग्रहण महासन्धिमा अपहरण, बेचबिखन तथा ओसारपोसारजस्ता अन्तरदेशीय धर्मपुत्र/पुत्री ग्रहण हुन सक्ने जोखिमबाट बालबालिका र उनका जैविक तथा धर्मपुत्र/पुत्री ग्राही आमाबाबुलाई रक्षा गर्ने निर्देशिका र कार्यविधि समावेश गरिएका छन् । महासन्धि, जसले राष्ट्रिय अख्तियार निकायमार्फत पनि काम गर्छ र` धर्मपुत्र/पुत्री ग्रहण मुद्दालाई हेर्ने संयुक्त राष्ट्रसंघीय बालअधिकार महासन्धि (धारा २१)-लाई सुदृढ गर्छ ।

## युनिसेफबारे

बालबालिकालाई बाँच्न र विकास गर्नका निम्ति वाल्यावस्थादेखि किशोरावस्थासम्म सहयोग गर्न युनिसेफ १५६ राष्ट्रमा बिश्वकै सबैभन्दा ठूलो अगुवाको रुपमा ६० वर्षदेखि कार्यरत छ । विकासोन्मुख राष्ट्रहरुलाई खोप प्रदान गर्ने विश्वकै सबैभन्दा ठूलो प्रदायक युनिसेफले बालस्वास्थ्य तथा पोषण, स्वस्थ खानेपानी तथा सरसफाई, सबै बालक तथा बालिकाका लागि गुणस्तरीय आधारभूत शिक्षा, र साथै हिसां, शोषण र एड्सबाट रक्षा गर्न सहयोग गर्छ । युनिसेफलाई व्यक्ति, ब्यबसायी, प्रतिष्ठान र सरकारहरुबाट स्वेच्छिक आर्थिक सहयोग प्राप्त हुन्छ ।

**थप जानकारीका लागि सम्पर्क गर्नुहोस् :**

जौयान डूसे : युनिसेफ नेपाल, संरक्षण प्रमुख, ९७७ १ ५५२३ २०० x ११३१
जोन ब्रिटन : युनिसेफ नेपाल, सञ्चार प्रमुख, ९७७ १ ५५२३ २०० x ११८२ र ९७७ ९८५१०५४१३९
साराह को : युनिसेफ क्षेत्रीय सञ्चार प्रमुख, ९१९९१०५३२३१४